# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व न्यायाधीश भैरवप्रसाद लम्सालको मिति २०७८ साल कार्तिक ११ गते विहिबार विहान ०३:०० बजे भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। पूर्व न्यायाधीश लम्सालको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षती पुग्न गएको छ। सर्वोच्च अदालतको न्यायाधीशको रूपमा सेवारत रहँदा उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई स्थापित गर्न र न्याय तथा कानूनका क्षेत्रको विकासका लागि पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको छ। संविधान र कानूनको क्षेत्रमा दख्खल राख्ने निर्भिक, सरल, अत्यन्त मिलनसार, विवेकशील, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ एवम् अनुभवी न्यायिक व्यक्तित्वका रूपमा रहनुभएका स्वर्गीय लम्साल न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। साथै उहाँ सरकारी वकीलको हैसियतले वहस पैरवी गर्दा वहसकलामा अत्यन्त निपूर्ण र न्यायाधीशको रूपमा अत्यन्त प्रतिष्ठित न्यायाधीश हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

काठमाडौं जिल्लामा वि.स.१९९७।०१।०९ गते जन्मनु भएका पूर्व न्यायाधीश भैरवप्रसाद लम्साल मिति २०१८।०९।०२ मा न्याय सेवामा प्रवेश गरी २०२३ सालमा रा.प.तृतीय श्रेणीको शाखा अधिकृत, २०२७ सालमा अतिरिक्त जिल्ला न्यायाधीश, २०२७ सालमा रा.प.द्बितीय श्रेणीको सरकारी वकिल, २०३५ सालमा रा.प.प्रथम श्रेणीको अधिकृत, २०४४ सालमा मध्यमाञ्चल क्षेत्रीय अदालतको अतिरिक्त न्यायाधीश, मिति २०४९।०३।०१ मा पुनरावेदन अदालत नेपालगंजको मुख्य न्यायाधीश, मिति २०५४।०४।१७ मा सर्वोच्च अदालतको अस्थायी न्यायाधीश हुनुभई मिति २०५५।१२।०५ मा सर्वोच्च अदालतको स्थायी न्यायाधीशमा नियुक्त भई २०६१ सालमा न्याय परिषद र न्याय सेवा आयोगको पदेन सदस्यसमेत हुनुभएको तथा मिति २०६२।०१।०८ देखि उमेर हदका कारण अनिवार्य अवकाश प्राप्त गर्नुभएको थियो। उहाँ मिति २०६२।०४।०७ मा न्याय परिषद्को कानूनविद् सदस्यको रूपमासमेत नियुक्त हुनुभएको थियो।

स्वर्गीय लम्सालको निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। यस दुःखद् घडीमा सर्वोच्च अदालतको आज मिति २०७८।०७।११ मा बसेको आकस्मिक पूर्ण बैठकले एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै उहाँको आत्माको चीर शान्तिको कामना गरिएको छ।

मिति : २०७८।०७।११

२०७८।७।११

देवेन्द्र ढकाल
सह-प्रवक्ता